# जिल्ला समन्वय समितिको कार्यालय

दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल

फोन नं. : ०६५ ५६०१७४
फ्याक्स नं. : ०६५ ५६०६३७
इमेल : info@ddctanahun.gov.np

प.सं. : ०७५/७६
च.नं. : ६४

मिति : २०७५/४/३१

विषय : प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको सम्बन्धमा।

श्री भिमाद नगरपालिका कार्यालय, तनहुँ।

श्री गाउँपालिका कार्यालय,
( ऋषिङ, म्याग्दे, आँबुखैरेनी, बन्दिपुर, घिरिङ र देवघाट) तनहुँ।

प्रस्तुत विषयमा त्यस नगरपालिका/ गाउँपालिका भित्र बग्ने नदीहरूबाट ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन गर्ने प्रयोजनका लागि यस समितिमा पेश भएकोमा देहायका शर्तहरू सहित वातावरण संरक्षण नियमावली, २०५४ को नियम ५२(२) बमोजिम नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७५/४/३ गतेको निर्णय तथा प्रत्यायोजित अधिकार अनुसार जिल्ला समन्वय समिति, तनहुँको मिति २०७५/४/३० गतेको निर्णयानुसार प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ। स्वीकृत प्रतिवेदनको संक्षिप्त विवरण यसै साथ संलग्न छ।

**शर्तहरू :**

(क) वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४ मा भएका व्यवस्था को पालना गर्ने।

(ख) गण्डकी प्रदेशद्वारा स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, क्रशिङ र विक्री वितरण तथा क्रशर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ मा भएको व्यवस्थाको परिपालना गर्ने।

(ग) ढुङ्गा, गिट्टी, बालुवा संकलन, उत्खनन् तथा निकासी सम्बन्धी जिल्ला स्तरीय अनुगमन तथा समन्वय समितिबाट स्वीकृत मापदण्डमा भएका व्यवस्था परिपालना गर्ने।

(घ) जुन आर्थिक बर्षको ठेक्का सम्झौता गर्ने गराउने हो सो आ.व. भरी मात्र IEE को मान्य अवधि रहने।

(ङ) स्वीकृत IEE प्रतिवेदन आफ्नो कार्यालयको Website मा राख्ने।

(च) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् र संकलन हाते औजार प्रयोग गरेर मात्र गर्ने। हेभी इक्युपमेण्ट प्रयोग गर्न नपाईने।

(छ) उत्खनन् तथा संकलन गर्दा स्थानीय स्तरमा अवरोध आएमा सो समाधान गरेर मात्र गर्ने।

(ज) उत्खनन्, संकलन तथा निकासी कार्य दिनको समयमा मात्र गर्ने।

(झ) नदिको बहाव क्षेत्र परिवर्तन हुने गरी तथा पानीको बहावस्थलबाट उत्खनन्, संकलन नगर्ने।

(ञ) तनहुँ जलविद्युत आयोजनाको सम्भावित ताल क्षेत्र र चुरे क्षेत्रबाट उतखनन् गर्दा तत् तत् निकाय संग समन्वय गरेर मात्र गर्ने।

(ट) स्वीकृत IEE को प्रतिवेदन अनुसारको क्षेत्र, परिमाण र संकलन विधीको बारेमा सम्बन्धित पालिकाबाट नै अनुगमन गरी नियमन गर्ने।

अञ्जन न्यौपाने
जिल्ला समन्वय अधिकारी

<u>**वोधार्थ :**</u>

श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री जिल्ला प्रशासन कार्यालय, तनहुँ।